# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुसेदार, तनहुँ
## गण्डकी प्रदेश, नेपाल
२०७३


पत्र संख्या :- ०७६/०७७
चलानी नं :- २०६२

मिति :- २०७७/०३/१७

विषय : रेडियो पाठ प्रसारण एवं वैकल्पिक शिक्षण सिकाई सम्वन्धमा ।

श्री नगरपालिका स्थित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु
भानु नगरपालिका, तनहुँ ।

प्रस्तुत बिषयमा कोराना भाइरस (कोभीड १९) को संक्रमणको कारण हाल देशै भरीका विद्यालयहरु बन्द भई विद्यार्थीहरुको पठनपाठन कार्य अवरुद्ध भएको सन्दर्भमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विभिन्न माध्यमका सिकाई सामाग्री विकास गरी प्रसारण गरीरहेको छ । ति मध्ये रेडियो पाठ प्रसारण पनि एक हो । उक्त रेडियो पाठहरु रेडियो नेपालबाट कक्षा ९ र १०, कान्तीपूर F.M बाट कक्षा ६, ७ र ८ का र सामुदायीक रेडियो प्रसारक संघ मार्फत देशै भरको करिव २२५ वटा सामरदायीक रेडियोबाट कक्षा ९ र १० का पाठहरु प्रसारण भई रहेको छन । मिति २०७७/०३/१४ गते को मा.वि प्र.अ र शिक्षकका पेशगत संस्था प्रमुखको संयूक्त बैठकको सिफारीसको आधारमा रेडियो नेपालबाट प्रसारीत पाठहरु रेडियो नेपालको F.M band १०० MHz बाट सुन्न सकिने र कान्तीपुर F.M र सामुदायीक रेडियो प्रसारण संघ बाट प्रसारित कार्यक्रमलाई सबैले सुन्ने गराउन भानु नगरपालिकाको संयोजनमा २०७७/०३/१७ गते स्थानिय F.M र छिमेकी गाउपालिकाहरु बन्दिपूर, आवुखैरेनी र पालुङ्गटार न.पा गोरखाको संयूक्त बैठक बसी तपशिल अनुसार प्रसारण गर्ने गरी सहमति भएकोले तपशिल अनुसार प्रसारण हुने रेडियो पाठ प्रसारण सुन्नलाई आफ्ना विद्यार्थी एवं अविभावकहरुलाई जानकारी गराई विद्यार्थी सिकाईलाई सहजिकरण गरिदिनुहुन सम्वन्धित सम्पूर्ण विद्यालयहरुलाई अनुरोध छ ।

१, रेडियो नेपालबाट प्रसारण हुने कक्षा ९ र १० का पाठहरु रेडियो नेपालका F.M band १०० MHz मा सुन्न सकिने ।

**प्रसारण तालिका**

| बजे बाट | बजे सम्म | कक्षा |
|---|---|---|
| १० : १५ | १० : ३० | १० |
| १० : ३० | १० : ४५ | ९ |
| १२ : १५ | १२ : ३० | १० |
| १२ : ३० | १२ : ४५ | ९ |
| २ : १५ | १२ : ३० | १० |
| २ : ३० | २ : ४५ | ९ |

**डिल्ली रमण भट्टराई**
उप-सचिव
शिक्षा शाखा

२, कान्तीपुर F.M बाट प्रसारण हुने कक्षा ६,७ र ८ का पाठहरु – स्थानिय F.M हरु बन्दिपुर F.M ८८.८ MHz छिम्केश्वरी F.M १०६.२ MHz , पावर F.M ९५.६ MHz र युनाइटेड F.M ९२.४ MHz बाट सुन्न सकिने

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुलेटार, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७२

**प्रसारण तालिका**

| समय | बिहान : १० : ०५ - ११ : ०० सम्म | | |
|---|---|---|---|
| मिति | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| २०७७/०३/१४ | अंग्रेजी | अंग्रेजी | – |
| २०७७/०३/१५ | – | विज्ञान | विज्ञान |
| २०७७/०३/१६ | विज्ञान | – | अंग्रेजी |
| २०७७/०३/१७ | सामाजिक अध्ययन | सामाजिक अध्ययन | – |
| २०७७/०३/१८ | – | – | सामाजिक अध्ययन |
| २०७७/०३/२१ | अंग्रेजी | अंग्रेजी | – |
| २०७७/०३/२२ | – | विज्ञान | विज्ञान |
| २०७७/०३/२३ | विज्ञान | – | अंग्रेजी |
| २०७७/०३/२४ | सामाजिक अध्ययन | सामाजिक अध्ययन | – |
| २०७७/०३/२५ | – | – | सामाजिक अध्ययन |
| २०७७/०३/२८ | अंग्रेजी | अंग्रेजी | – |
| २०७७/०३/२९ | – | विज्ञान | विज्ञान |
| २०७७/०३/३० | विज्ञान | – | अंग्रेजी |
| २०७७/०३/३१ | सामाजिक अध्ययन | सामाजिक अध्ययन | |

३, सामुदायीक रेडियो प्रसारण संघ मार्फत प्रसाराण हुने कक्षा ९ र १० का पाठहरु छिम्केश्वरी F.M १०६.२ MHz , पावर F.M ९५.६ MHz र बन्दिपुर F.M ८८.८ MHz बाट सुन्न सकिने ।

**प्रसारण तालिका**
**बेलुका**

| वजे बाट | वजे सम्म | कक्षा | कैफियत |
|---|---|---|---|
| ५ : ०० | ५ : ३० | ९ | २ विषय |
| ५ : ३० | ६ : ०० | १० | २ विषय |

**डिल्ली रमण भट्टराई**
उप-सचिव
शिक्षा शाखा

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७२

४, NTV+ बाट प्रसारण भइरहेको कक्षा १ देखि ८ सम्मका र अन्य च्यनलहरुबाट प्रसारण भइरहेका कक्षा ९ र १० का श्रव्य दृष्य पाठहरु मार्फत विद्यार्थीहरुलाई सिकाइमा सहभागी गराउन टेलिभिजनको पहुच भएका विद्यार्थी र अविभावकहरुलाई प्रसारण समय तालिकाको जानकारी गराई शिक्षण सिकाईमा सहभागी गराउन प्रयत्न गर्ने ।

५, उक्त २०७७/०३/१४ गतेकै बैठकको सिफारीस अनुसार बाल विकास केन्द्र देखि कक्षा १० सम्मका स्वअध्ययन एव. अभ्यास सामाग्रीहरु छपाई गरी प्रत्येक विद्यार्थीलाई १/१ सेटका दरले वितरण गर्ने कार्यक्रम भएकोले केही समय पछि उक्त सामाग्री पनि उपलव्ध हुने जानकारी गराइन्छ ।

६, उक्त २०७७/०३/१४ गतेकै बैठकको निर्णय अनुसार विद्यार्थीहरुलाई टेलिभिजन मार्फत प्रसारण भैरहेका पाठहरु स्थनिय F.M मार्फत प्रसारण भैरहेका पाठहरु र नगरपालिका मार्फत वितरण गरिएका स्वअध्ययन एवं अभ्यास सामाग्रीहरु र विभिन्न टेलिभिजन च्यनलबाट प्रसारण भइरहेका पाठहरुको अधिकतम प्रयोगको लागि विद्यालयका शिक्षकहरु परिचालीत भई अनुगमन गर्ने र शिक्षण सिकाईमा सम्लग्न गराउन निरन्तर लागिरहने ।

७, माथी उल्लेखित टेलिभिजन पाठ प्रसारण, रेडिया F.M पाठ प्रसारण, स्वअध्ययन एवं अभ्यास सामाग्रीको अलवा स्थानीय परीवेस अनुसारका सिकाईका विकल्पहरुको बारेमा प्रत्येक विद्यालयहरुले शिक्षक Staff वि.व्य.स, शिक्षक अविभावक संघ, अन्य स्थानीय शिक्षा प्रेमि बुद्धिजीवी समेतको रायसल्लहमा सम्भव भए सम्मका विकल्पहरुको खोजी गरी शिक्षण सिकाईलाई अगाडी बढाउने २०७७/०३/१४ को बैठकले निर्णय गरेकाले सो अनुसार गर्नुगराउन हुन समेत अनुरोध छ ।

३/१०

डिल्ली रमण भट्टराई
उप-सचिव
शिक्षा शाखा